## **शिरिजङ्गा त्येअङ्सी अदृश्य शक्ति छन्**



**हर्कजङ कुरुम्बाङ (लिम्बू)**

सन् २००३ अगष्ट १८ को दिन श्री गम्भीरधोज तुम्बाहाङ्फेसंग उहाँको घर कालेम्बुङबाट पश्चिम सिक्किम सोऱ्याङको उच्च मा.वि.का लिम्बू भाषा प्राध्यापक श्री चन्द्र माङ्युङ्लाई भेट्न बाटो लाग्यौं । कालेम्बुङ् देखि सोऱ्याङसम्मको दुरी करिव ६२ कि.मि. छ । बसद्वारा चित्रे, मल्ली हुँदै ४४ कि.मि. पार गरे पछि जोरथाङ् पुग्यौं । त्यस्तै जोरथाङ्बाट नाम्ची, नाम्थाङ्, चेखुङ् हुँदै १८ कि.मि. पार गरी सोऱ्याङ्को आँगन टेक्न पुग्यौं । वर्सादे यामले गर्दा यात्रा त्यति सहज थिएन । सरको सोधखोज गर्दै उहाँले पढाउँने स्कूलमा पुग्दा भेटन सकिएन । उहाँकै समकक्षीहरूले बताए अनुसार दोकानतिर लागी सक्नु भएको रहेछ । उहाँलाई भेटने उत्सुकताले हामी पनि उतैतिर लाग्यौं । दोकानमा पुगेर चन्द्र माङयुङ सर यहाँ हुनु हुन्छ कि भनेर दोकानेलाई प्रश्न गर्दा उहाँ नै हुनु हुन्छ भनेर एक जना अधबैंसे मान्छे प्रति सङ्केत गरे । एक आपसमा परिचय गऱ्यौं । उहाँले स्कूलतिर लानुभयो र उहाँको अन्य साथिहरूसँग पनि परिचय गराउँनु भयो । त्यसपछि स्कुलको पाहुना कोठामा बसेर निकैबेर छलफलहरू गऱ्यौं । छलफलको विषय थियो, लिम्बू भाषा एवं शिरिजङगा लिपिको आलेखन प्रक्रियालाई कसरी सुद्धीकरण गर्न सकिन्छ भन्ने थियो । छलफलको अन्त्यतिर हामीलाई त्येअङसी शिरिजङगालाई हत्या गरिएको ठाउँबारे बुझ्न इच्छा जागेर आयो । हत्या भएको ठाउँ नजिक पुगिसकेका रहेछौं । हामीलाई थाहा नभएकोले सरलाई कहाँ र कति टाढा पर्छ भनेर सोध्यौं । उहाँले मार्ताम भन्ने ठाउँ हो । यहाँबाट करिव १३ कि.मि. टाढा पर्ने जानकारी दिनु भयो । जानकारी पाए पछि त्यहाँ जाने योजना बनायौं । उहाँको सल्लाह थियो समय छ भने जसरी पनि त्यहाँ पुगेर फर्किनु होला । विहान सल्लाह गरौं र त्यसवारे विस्तृत विवरण दिनेछु भन्नु भयो । त्यसपछि बस्ने कोठा खोज्न बजारतिर लाग्यौं । कोठा पाएपछि उहाँ आफ्नै कोठातिर फर्किनु भयो ।



*चन्द्र माङयुङ*
*याक्थुङ् पाःन् हु?साम्बा*

भोलिपल्ट बिहान हामी सरको कोठामा पुग्यौं । हामीले त्येअङसी शिरिजङगालाई हत्या गरिएको ठाउँमा जाने बतायौं । उहाँले हुन्छ भनेर पूर्व विवरण दिँदै विदा गर्नु भयो । सिमसिम पानी परिरहेको थियो । रोडै-रोड केही माथि पुग्दा एउटा जिप बिपरित दिशामा यात्रु बिना आइरहेको थियो । रोकेर सोधपुछ गर्दा चालकले सोऱ्याङ पुग्नै पर्ने बताए । चालकको काम सकेपछि हामी त्यसै जिपमा मार्तामतिर लाग्यौं । मौसम पनि निर्मल हुँदै गयो । सोऱ्याङ्बाट खड्गबजार, शिम्लिङ, बाह्रमाईल, देउराली डाँडा, सिरिबदम, साम्दोङ हुँदै कालुक पुग्यौं । जिप अर्को दिशा जाने भएकोले हामी त्यहीँ कालुकमा ओर्लियौं । चालकले त्यहाँबाट धेरै टाढा नपर्ने जानकारी दिएका थिए । भाग्यवश अर्को गाडी पाए पछि एकैछिनमा मार्ताम पुग्न सफल भयौं । गाडीबाट ओर्लिएर त्यहीँ कतै हो कि भनेर दायाँ बायाँ हेर्न थाल्यौं । एक जना स्थानीयले कहाँ जान लागेका हौ ? केही खोजे जस्तो देख्छु भनी प्रश्न गरे । हामीले यहाँ त्येअङसी शिरिजङगालाई हत्यागरेको ठाउँ खोज्दै आएका हौं त्यो ठाउँ कहाँ पर्छ भनि प्रति प्रश्न गऱ्यौं । अलिक तल पर्छ भन्दै उत्तर दिए । त्यहाँ एकजना ५९ वर्षीय शुकराज लाबुङ ज्यू “चौतारे” लाई भेटायौं र उहाँसँग राम्रो जानकारी लियौं । त्यहाँबाट निकै तल भएको बत्ताउनु भयो । हत्यागरेको ठाउँ देखि सन्दुस लुकाएको झन तल रेशी “वधाम्” (झर्ना) दोभानमा छ । एकजना अगुवा बिना हामीले मात्र पत्ता लगाएर अवलोकन गर्न सक्ने अवस्था नभएको महसुस गऱ्यौं । अगुवाको लागि चौतारे शुकराज लाबुङ ज्यूलाई नै अनुरोध गऱ्यौं । नभ्याउने कुरा गरेपनि उहाँलाई मनायौं । फर्किदा उकालो बाटो भएकोले तर्केर सन्दुस लुकाएको ठाउँ “वधाम” देखि अर्केबाटो फर्किने योजना पनि गऱ्यौं ।



अगुवा “चौतारे”को साथ अवलोकन सुरु भयो । जाँदाजाँदै बाटोमा शिरिजङ्गाको हत्यागर्ने भोटेहरूको बस्ती पनि देखाउँनु भयो । पहिले भोटेहरूको ठूलो वस्ति भएको तर जब शिरिजङ्गाको हत्यागरे, त्यसपछि मासिन्दै गएर एकघर मात्र बाँकी रहेको बताए । स्थानियहरूको जन विश्वास अनुसार त्यसरी मासिन्दै जानुको कारण शिरिजङ्गाको दैविक शक्तिको दण्ड हो भन्ने गर्द छन् ।



त्येअङसी शिरिजङ्गाले आफ्नो शिश्यहरूलाई शिक्षा दिने र पढाउँने ठाउँमा पुग्यौं । त्यहाँ एउटा ढुङ्गा माथिल्लो पट्टिबाट आठफिट, तल्लो पट्टिबाट पन्ध्रफिट अग्लो र गोलाइ लगभग उनन्चास फिट भएको एक्लो ढुङ्गा छ । त्येअङसी शिरिजङ्गाले त्यहीँ ढुङ्गामा बसेर शिक्षा दिनु हुन्थ्यो रे । ढुङ्गा माथि चढ्नको लागि कोपेर खुडकिलाहरू बनाइएको छ । ढुङ्गाको सम्मुख एउटा मन्दिर “माङ्हिम्” निर्माण गरिएको छ । प्रो. पवन चाम्लिङ्ग सिक्किमको मुख्य मन्त्री भए पछि बि.सं. २०४० सालमा उक्त माङ्हिम निर्माण गरिएको छ । त्येअङसी शिरिजङ्गालाई हत्यागर्दा बाँधिएको ठूलो रूख भने नष्ट भएकोले केही प्रमाण नपाइन्ने भएको छ । मन्दिर भित्र बाहिर वरिपरी राम्ररी अवलोकन गऱ्यौं । मन्दिर वरिपरि फोटोहरू खिच्यौं । त्येअङसी शिरिजङ्गाको दैविक शक्तिले होला एउटा झुण्डचाएको लेख भने फोटो खिच्दा क्यामेरा अप्रेट भएन । मन्दिर बाहिर निकालेर उक्त लेखलाई फोटो खिच्ने प्रयास गऱ्यौं । तर, क्यामेराले खिच्नै खिचेन । त्यो लेख हातैले सारेर ल्याएको छ । लेख निम्न अनुसार छ ।

[illegible]

[illegible]

[illegible]

माङ्हिम् परिसर अवलोकन गरिसकेपछि सन्दुस लुकाएको ठाउँतिर लाग्युँ । त्यो ठाउँ पश्चिम सिक्किम गेजिङ्ग जिल्ला अन्तर्गत मार्ताम गाउँमा पर्दछ । “माङ्हिम्” बीचगाउँमा छ भने सन्दुस लुकाएको ठाउँ गाउँको पुच्छर रेशी “वधाम” दोभानमा पर्द छ । यो कलेज खोला र रेशी खोलाको संगम हो । कलेज खोलाको अर्को नाम लिम्बू भाषामा “केरेक्मा यङ्घङ्” पनि भनिन्छ ।

सन्दुस लुकाएको ठाउँमा जाँदा अगुवा चौतारेसंग धेरै प्रश्नहरू गर्दै ओरालो झऱ्यौं । त्यो सन्दुसमा के थियो ? कसरी पाषाणमा परिणत भयो ? आदि इत्यादि । वधाम रेशी खोलाको झर्ना हो । त्यसको दायाँ बायाँ पहरा छ । एकापट्टि पहराको ओडारमा सन्दुस लुकाइएको ठाउँ छ । अगुवा नभएको भए हामी मात्र त्यहाँ पुग्न गाह्रो नै थियो । त्यहाँ पुग्ने गोरेटोमा सिस्नु घारी फाड्दै सन्दुस भएको अक्करे पहरामा पुगेका थियौं । त्यहाँ जुका पनि उत्तिकै लाग्दो रहेछ । ओडारमा पुगेपछि प्रत्यक्ष सन्दुस देख्न पाउँदा अति खुशी लाग्यो र फोटोहरू खिच्यौं । सन्दुस लगभग अठार इन्च लम्बाइ र आठ इन्च चौडाइ भएको चारपाटे पाषाण देखिन्छ । शिरिजङ्गाको मृत्यु पछि त्यो काठको सन्दुस पाषाणमा परिणत हुँदै गएको जन विश्वास छ । करिव १६० वर्षको अवधिमा उक्त सन्दुस पुरै ढुङ्गा भएको भनाइ छ । स्थानिय चिउरीबोटेका एक जानकारले प्रश्न अघि सार्नु भयो । तपाईहरूले सन्दुसको फोटो खिच्नु भयो ? हजुर खिच्यौं त भन्दा, उहाँले भन्नु भयो । मैले पनि नजीकबाट धेरै फोटोहरू खिचेँका थिएँ तर निस्केन टाढाबाट खिचेका फोटोहरू मात्र निक्लिएको जानकारी गराए । हामीले पनि सन्दुसको थुप्रै फोटोहरू खिचेका थियौं तर एउटै निस्केन । हुन सक्छ सिरिजङ्गाको दैविक शक्तिले होला आजसम्म उक्त सन्दुसको फोटो कसैले निकाल्न सकेका छैनन् ।



*गम्भीरधोज तुम्बाहाङ्फे सन्दुस अवलोकन गर्दै*

तत्कालीन नेपाल सरकारले त्येअङ्सी शिरिजङ्गालाई देश द्रोहीको नाम लगाएपछि ज्यान बचाउँन सिक्किम भागेको इतिहास धेरै लेखक तथा इतिहासकारहरूले लेखिसकेको छन् । सिक्किममा पनि उहाँलाई नियोजित एवं क्रूरता पूर्वक हत्या गरिएको थियो । लामाहरूले हत्या गरी छालाको धोक्रोमा लाश हालेर रेशी तथा कलेज खोलाको संगममा बगाइ पठाउँदा त्यो लास हालेको धोक्रोबाट एउटा चरोको रूप उडेर गएको देखेका थिए । त्यस्तो देखे पछिमात्र भोटेहरूले उनी साच्चीकै महान आत्माका सन्त रहेछन भनि विश्वास गरे । त्यस पछि

भोटेहरूका सन्ततिहरूले पनि माङ्हिम बनाइ युमाको रूपमा मान्दै आएका छन् । यसरी भाषा तथा कथाहरूलाई लेखन प्रकृयामा बदलेर संरक्षण गर्ने त्येअङसी शिरिजङ्गा एक दैबि शक्ति नै प्रकट हुनु भएको प्रमाणित हुन्छ । सिक्किममा हत्या गरिएको हुनाले होला आलेखन र टाईपिङ्गको विकास पनि सिक्किमबाटै शुरु भएको थियो । सिक्किमका मुख्य मन्त्री श्री सन्चमान सुब्बाको कार्यकाल सन् १९८२ साल देखि टाईपिङ्गको सुरुआत गरिएको थियो ।

नेपाल सरकारले सन् १९९२ डिसेम्बर ३१ मा प्रकाशित हुलाक-टिकटमाला नं. ५५७ फेस मूल्य रु.१:०० को टिकट छापिसकेको छ । किरात लिम्बुहरूले उहाँलाई भाषा-लिपिको शहीदको रूपमा सम्मान साथ मान्दै आएका छन् । वर्तमान संसारको छ हजार सात सय भाषाहरू मध्ये लिम्बू भाषा पनि एक हो । त्यति धेरै भाषाहरू मध्ये लेखन प्रकृयामा शिरिजङ्गा लिपि तिसौं स्थान भित्र पर्न सफल भएको छ । यो उपलब्धिलाई लिम्बूहरूले गौरव मान्दै आएका छन् । त्यसैले यसको महत्व बुझेर संरक्षण तथा संवर्धन गर्न संसार भरीकै सम्पूर्ण लिम्बूहरू आत्मा साथ गरेर एकजुट भई लाग्यौं भने मात्र त्येअङसी शिरिजङ्गाको योगदान साथै बलीदानको कदर हुने छ ।

***सन्दर्भ सामग्रीः***

*प्रत्यक्ष अवलोकन*
*थेबे, प्रसाद. (२०६४ पुस). त्यअङसी सिरिजङगा समयको कोलाजमा, तान्छोप्पा (मासिक) वर्ष १२, अङ्क १२: पन्ना नं. १.*
*पी.एस. सुब्बा (मुरिङला), धर्मदत्त रोड, सोऱ्याङ बस्ती, पि.ओ. सोऱ्याङ ७३७१२१, पश्चिम सिक्खिम, भारत*
*डव्लु डव्लु डव्लु डट मेवानाम्बिन डट कम्* (www.mewanambin.com)